# मधेश कृषि विश्वविद्यालयको एक झलक

१. २०७८ मंसिर २७ गते प्रदेश कृषि वि.वि. अध्यादेश २०७८ अनुसार स्थापना भई के.अ.माध्यमिक विधालयको भवनमा भाडा लिई कार्यालय स्थापना भएको।
२. २०७८ फागुन १० मा प्रथम विश्वविद्यालयको सभा जनकपुरमा भएको।
३. २०७८ बैशाख १४ गते मधेश कृषि वि.वि. अध्यादेश २०७८ प्रतिष्थापन भई मधेश कृषि वि.वि.ऐन २०७९ प्रदेश राजपत्रमा प्रकाशित भई सोही अनुसार अगाडी बढेको।
४. प्रदेश कृषि वि.वि. विनियमावली २०७८ बाट विभिन्न शैक्षिक, प्रशासनिक तथा आर्थिक गतिविधि बढेको।
५. २०७८ असार २७-२८ मा B.Sc.Ag(Hons) को पाठयक्रम निर्माण गर्न विज्ञहरूको गोष्ठी भई उत्कृष्ट पाठयक्रम तयार भएको।
६. २०७९ भदौ २१ गते नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदबाट राजविराज न.पा.१३ को २६-८-१८ जग्गा स्वीकृत भएको र २०७९ भदौ २९ गते भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी संग सम्झौता भई असोज १० मा जग्गा नापजाँच किल्ला गाडी छुट्याउने कार्य भएको।
७. २०७९ भदौमा मधेश प्रदेश सरकारबाट बस प्राप्त ।
८. मिति २०७९ असोज ९ मा मधेश प्रदेश सरकार अर्थ मंत्रालय र प्रदेश नीति तथा योजना आयोगबाट प्रदेश गौरवको योजनामा राखी करीब १ अर्ब ४९ करोड को बहुवर्षीय योजना स्वीकृत भएको।
९. २०७९ असोजमा राजविराज न.पा.१३ को जग्गामा DPR, soil Survey र Soil Testing को कार्य भई EIA को कार्य भएको।
१०. २०७९ कार्तिक २७ गते B.Sc.Ag.(Hons) को पठनपाठन गर्न B.Sc.Ag.(Hons.) कक्षा सञ्चालन कार्यविधि २०७९ बनाई Online Admission खुल्ला भई फागुन १० मा प्रवेश परीक्षा सम्पन्न गरी ५० जना विद्यार्थीहरुको भर्ना समेत भएको।
११. २०७९ पुस २२ मा कृषि सम्बन्धी अध्ययन, अनुसंधान तथा बिकास कार्यमा टेवा पुर्याउने उद्देश्यले NARC सँग सम्झौता भएको ।
१२. २०७९ फागुनमा २ जना प्राध्यापक हरूको नियुक्ति भएको र चैतमा बिषयगत शिक्षक करार कार्यविधि २०७९ बनाई कोर्ष करारमा ११ जना उपप्राध्यापकहरुसंग सम्झौता भएको।
१३. २०८० बैशाख ३१ गते भव्यताका साथ कक्षा शुभारम्भ भएको।
१४. २०८० असार ७ मा विभिन्न २० वटा प्रस्तावहरू सहित विश्वविद्यालयको दोस्रो सभा भएको।
१५. २०८० भदौ देखि मधेश कृषि विश्वविद्यालय निमावली २०८० लागू भई कार्यहरू अगाडि बढेको।
१६. २०८० भदौमा भरतीय राजदूताबासमा Biotechnology तथा Innovation Center को लागि प्रस्ताव गरिएको।
१७. २०८० भदौ २९ गते DPR पुनरावलोकन भई १२ वटा भवनहरुको लागत अनुमान २०८० असोज १७ मा कार्यकारी परिषदबाट पारित भई २०८० असोज २२ मा टेन्डर आह्वान भएको र आर्थिक प्रस्ताव मूल्याङ्कन भइ २०८० माघ ८मा सिलान्यास तथा निर्माण प्रकृयामा रहेको।
१८. २०८० कार्तिक १९ मा Technical Specification स्वीकृत भई Lab का उपकरण हरूको खरिद कार्य अगाडि बढी २०८० कार्तिक २२ मा Tender आह्वान भई प्राविधिक प्रस्ताव मूल्याङ्कन भइ खरीद तथा जडान प्रकृयामा रहेको।
१९. २०८० कार्तिक २० मा B.Sc.Ag.(Hons) को दोस्रो बैचको आवेदन फारम Online Application खुल्ला भई ४७ जनाको भर्ना भएको।
२०. २०८० कार्तिक २४ मा बिभिन्न पदहरुका लागि विज्ञापन खुल्ला गरी छनौट प्रकृया अगाडी बढेको।
२१. विभिन्न संघ संस्था, निकाय र सरकारहरुसँग विश्वविद्यालयको जग्गा, अन्य सहयोग र सहकार्य को लागि प्रयास भइरहेको।
२२. मधेश प्रदेश सरकारबाट आ.व. २०८०/०८१ मा रु ३० करोड र बारामा भेटेरिनरी कलेज तथा अनुसंधान केन्द्र स्थापना गर्न २ करोड विनियोजन भएको।
२३. २०८० जेष्ठ देखि धान बालीको र २०८० मंसिर देखि गहुँ बालीको अनुसंधान शुरु भएको।
२४. Asia Mango Network को सदस्य बनेको।
२५. सप्तरीको रुपनी-४ मा १२-०-०, अग्निसार-६ मा १७-१८-१८(वनको जग्गा), महोत्तरीको बर्दिबास-१३ मा ५१-०-० तथा बाराको सिमरौनगढ-८ को १४-९-० को लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदबाट पारित भइ शिक्षा तथा संस्कृति मन्त्रालय मार्फत भूमिसुधार तथा मालपोत कार्यालय राष्ट्रिय योजना आयोगमा पेश भएको र महोतरी गौशाला-३ को गाईगौशालाको १०० विगहा जग्गाको लागि प्रदेश तथा सघ सरकारसँग अनुरोध।
२६. अग्निसार-६ मा १७-१८-१८ जग्गामा नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट सम्पुरक अनुदान तर्फ रु ५ करोड कृषि प्रशिक्षण केन्द्र निर्माण गर्न अग्निसार कृष्णसबरम गा.पा.मा बहुवर्षिय योजना स्वीकृत भएको।
२७. विश्वविद्यालयलाई राष्ट्रिय प्राथमिकताको योजनामा राख्न पहल भइरहेको।
२८. विश्वविद्यालय सभाको तेश्रो बैठक २०८० चैत्र ९मा १२ वटा प्रस्ताव सहित जनकपुरमा बैठक सम्पन्न भएको।
२९. दोश्रो ब्याच स्नातक कृषि कक्षा आज संचालन भइरहेको ।

धन्यबाद!! मिति:२०८१ बैसाख ११ गते